# गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७५

गाउँसभाबाट स्विकृत मिति २०७५/०३/२५

बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्नको निमित्त बनेको ऐन

प्रस्तावना: गाउँपालिकाको प्रसशाकिय कार्यविधि नियमित गर्नको निमित्त गाउँपालिकाको बिभिन्न सवाल तथा अरु कानुनको सट्टा नयाँ नियमहरु तयार गर्न आबस्यक भएकोले नेपालको संबिधानको अनुसूची-८ बमोजिमका एकल अधिकारको सुची तथा अनुसूची-९ बमोजिमका साझा अधिकारका सुचीको साथै स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ अनुसार गाउँपालिकाको क्षेत्राधिकारका बिषय सम्बन्धमा आवस्यक नियम विनियम तथा कार्यविधि बनाउनको लागि बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको चौथो गाउँसभाले यो ऐन जारी गरेको छ |

**(१)संक्षिप्त नाम, विस्तार र प्रारम्भ:**

(१) यो ऐनको नाम **गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७४** रहेको छ |

(२) यो ऐन बारागुङ मुक्तिक्षेत्र गाउँपालिका क्षेत्र भरमा तुरुन्त लागु हुनेछ |

**(२) नियम बनाउने अधिकार:** (१) नेपालको संबिधानको अनुसूची ८ बमोजिमका एकल अधिकारको सुची तथा अनुसूची ९ बमोजिमका साझा अधिकारका सूचिका सम्बन्धमा तथा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसारका स्थानीय तहका अधिकार कार्यान्वयन गर्नको लागि गाउँपालिकाबाट गरिने सबै किसिमका प्रशासकिय कार्यहरुलाई नियमित गर्नको निमित्त बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले आबस्यक नियम, विनियम तथा कार्यविधि बनाउन सक्ने छ |

(२) उपदफा (१) अन्तर्गत बनाईएका नियमहरुले प्रसाशकिय कार्यविधि सम्बन्धि गाउँपालिकाका कानूनहरु खारेज गर्न आबस्यकता अनुसार संशोधन गर्न सक्नेछ |